# VoIP खुला गर्ने सम्बन्धमा नेपाल दूरसञ्चार प्राधिकरणबाट भएको निर्णय

**IP Telephony** लाई निम्न दुई भागमा (१) **Internet Telephony** (Public Internet मार्फत कुराकानी गर्ने/गराउने) र (२) **VoIP** (Managed Network मार्फत कुराकानी गर्ने/गराउने) वर्गिकरण गरी **VoIP** का सम्बन्धमा निम्नानुसार गर्ने गरी खुला गर्ने ।

## (१) अनुमतिपत्र सम्बन्धमा :

अन्तर्राष्ट्रिय दूरसंचार सेवा संचालन गर्न अनुमति प्राप्त व्यक्तिहरुलाई जारी भएको अनुमतिपत्रहरुमा ऐनको दफा २६ बमोजिम देहाय बमोजिम शर्तहरु थप गरी VoIP Gateway को स्थापना गरी अन्तर्राष्ट्रिय दूरसंचार सेवा सञ्चालन गर्न सक्ने गरी संशोधन गरिदिने ।

**नेपालमा VoIP Gateway को स्थापना गरी आफ्ना ग्राहकहरुलाई निम्न बमोजिम सेवा प्रदान गर्न सक्नेछन् : -**

(i) नेपालमा रहेको कुनै पनि टेलिफोन Public Switched Telephone Network, Public Land Mobile Network/ Integreted Services Digital Network (PSTN/PLMN/ISDN) बाट नेपाल बाहिर अन्य देशमा रहेको जुनसुकै टेलिफोन PSTN/PLMN/ISDN) संग **Managed IP-based Packet Switched Network** को प्रयोग गरी Voice Communications (आवाज आदानप्रदान वा बोलेर कुराकानी) गर्न गराउन सक्ने ।

(ii) यसरी सेवा सञ्चालन गर्दा ग्राहकले कुनै निश्चित कोड डायल गरी आफुले चाहेको अन्तर्राष्ट्रिय दूरसंचार सेवा संचालकको Gateway मार्फत आफुले इच्छाएको गुणस्तर अनुसारको सस्तो वा महंगो दरको अन्तराष्ट्रिय सेवा प्राप्त गर्न सक्ने व्यवस्था सेवा प्रदायकहरुले गर्नुपर्ने ।

## (२) दस्तुर सम्बन्धमा :–

अन्तर्राष्ट्रिय दूरसंचार सेवा संचालन गर्न अनुमति पाइसकेका सेवा प्रदायकहरुलाई VoIP Gateway को स्थापना गरी अन्तर्राष्ट्रिय दूरसंचार सेवा सञ्चालन गर्न कुनै दस्तुर नलाग्ने ।

## (३) गुणस्तर सम्बन्धमा :–

VoIP मार्फत प्रदान गरिने सेवाको गुणस्तर संलग्न बमोजिम हुनुपर्ने । साथै यस सम्बन्धमा प्राधिकरणले समय समयमा तोकिदिए बमोजिम सेवा प्रदायकले गुणस्तर प्रदान गर्नुपर्ने ।